# धेरै सोधिने प्रश्नहरू (FAQ)

- **Q1. कक्षा कहिले र कहाँ हुन्छ?**
  कक्षाहरू ४ वटा स्थानहरूमा सञ्चालन हुन्छन्। तपाईँलाई पायक पर्ने वा इच्छा भएको कुनै पनि ठाउँमा जान सक्नुहुन्छ।

| Location | Day<br>Time | Map |
|---|---|---|
| Sumiyoshi Regional Exchange Center | Wednesday<br>１９：００～２０：３０ | Map |
| Tano Regional Exchange Center | Friday<br>１９：００～２０：３０ | Map |
| Kano Regional Exchange Center | Friday<br>１９：００～２０：３０ | Map |
| Takaoka Regional Exchange Center | Saturday<br>１０：００～１１：３０ | Map |

- **Q2. मलाई जापानी भाषा खासै आउँदैन। के यो ठीक छ?**
  हजुर, एकदम ठीक छ। जापानी भाषा राम्रोसँग नआउने वा आत्मविश्वास नभएकाहरूले पनि ढुक्क भएर भाग लिन सक्नुहुन्छ।

- **Q3. के बच्चाहरूले पनि भाग लिन सक्छन्?**
  हजुर, भाग लिन सक्छन्। साना बालबालिकाहरूलाई कृपया अभिभावकसँगै लिएर आउनुहोला।

- **Q4. के यसमा पैसा लाग्छ?**
  यसमा कुनै शुल्क लाग्दैन। यो पूर्ण रूपमा निःशुल्क छ।

- **Q5. पाठ्यपुस्तकको लागि पैसा लाग्छ?**
  कक्षामा प्रयोग गरिने पाठ्यपुस्तकहरू निःशुल्क छन्।
  JLPT वा अन्य अध्ययन गर्ने व्यक्तिहरूले आफ्नो लागि आवश्यक सामग्री आफैं तयार गर्नुपर्नेछ।

- **Q6. कक्षा कति पटक हुन्छ?**
  कक्षा हरेक हप्ता हुन्छ, तर महिनामा एक पटक जति बिदा हुन्छ।

- **Q7. कसरी आवेदन दिने?**
  कृपया आवेदन फारम प्रयोग गर्नुहोस्।
  にほんご／English／中文／한국어／Tiếng Việt／Indonesia／नेपाली／မြန်မာဘာသာ
  यदि फारम भर्न गाह्रो भएमा, फोन वा इमेल मार्फत पनि आवेदन दिन सक्नुहुन्छ।

- Q8. के म मे महिनाबाट नभई बीचैबाट पनि सामेल हुन सक्छु?
  हजुर, तपाईँ बीचैबाट पनि कक्षामा सामेल हुन सक्नुहुन्छ।

- Q9. म हरेक हप्ता जान सक्दिनँ। के यो ठीक छ?
  हजुर, कुनै समस्या छैन। तपाईँलाई अनुकूल भएको समयमा आउनुहोला।

- Q10. कक्षामा अनुपस्थित हुँदा के गर्नुपर्छ?
  कृपया LINE मार्फत जानकारी दिनुहोस्। हामी सहभागीहरूका लागि एउटा LINE ग्रुप बनाउनेछौँ।

- Q11. मियाजाकी शहरको समाप्ति प्रमाणपत्र भनेको के हो?
  यो मिहिनेत गरेर निरन्तर कक्षामा आउनेहरूलाई दिइने प्रमाणपत्र हो। एक वर्षमा आधाभन्दा बढी कक्षाहरूमा सहभागी हुने व्यक्तिले यो प्राप्त गर्न सक्छन्।

- Q12. स्थानीय चाडपर्व भनेको के हो?
  आफू बसोबास गरिरहेको क्षेत्रको चाडपर्वमा हामी सबैजना सँगै मिलेर सहभागी हुनेछौँ। तपाईँले घुलमिल हुँदै जापानी संस्कृतिको आनन्द लिन सक्नुहुन्छ।

- Q13. अरू कस्ता गतिविधिहरू गरिन्छ?
  हामी जापानी भाषा कक्षाका सबैजना मिलेर विभिन्न कार्यक्रमहरू गर्छौं। खाना पकाउने कक्षा, खेलकुद, गायन वा नृत्य जस्ता जुनसुकै कुरा पनि हुन सक्छ।

अन्य यदि तपाईँलाई अन्य कुनै कुरा बुझ्न मन छ भने, कृपया फोन वा इमेल मार्फत सम्पर्क गर्नुहोस्।

- फोन: 0985-23-8555
- इमेल: 01kikaku-in@city.miyazaki.miyazaki.jp